# फारम I-9, रोजगार योग्यता प्रमाणिकरण कर्मचारी सूचना तालिका

U.S. Citizenship and Immigration Services

1. **फारम I-9को उद्देश्य के हो?** सङ्घीय व्यवस्थामा नयाँ कर्मचारीहरुको पहिचान र रोजगार प्राधिकरण प्रमाणित गर्न र पछिको मितिमा मात्र केही दृष्टान्तहरुमा रोजगार प्राधिकरण पुनःप्रमाणिकरण गर्न नियोक्तालाई आवश्यक छ। नियोक्ताहरूले यसको लागि फारम I-9 प्रयोग गर्नुपर्छ। तपाईंको नियोक्ताले तपाईंलाई धारा 1 पूरा गर्न अनुरोध गर्नेछ। कृपया निर्देशनहरूको पुनर्अवलोकन गरेर स्पष्ट छाप्नुहोस्।

2. **फारम I-9 कसले राख्छ?** तपाईंको नियोक्ताले तपाईंको पूरा गरेको फारम I-9 राख्छ, तर अनुरोध गर्दा केही सरकारी एजेन्सीहरूसंग साझेदारी गर्दछ। मातृभूमि सुरक्षा विभाग, न्याय विभागको अध्यागमन–सम्बन्धित अयोग्य रोजगार आचरणका लागि विशेष सल्लाहदाताको कार्यालय (OSC) बाट र श्रम विभागका अधिकारीहरुले नियोक्ताको फाराम I-9 को निरीक्षण गर्न सक्छन्।

3. **धारा 1मा कसले चाहिं सबै भर्नु पर्छ?** होइन। तीनवटा वैकल्पिक क्षेत्रहरु हुन्रू (1) सामाजिक सुरक्षा नम्बर, (2) ई–मेल ठेगाना, र (3) टेलिफोन नम्बर। तपाईंको नियोक्ताले ई–भेरिफाइ प्रयोग गर्दछ भने, तपाईंले आफ्नो सामाजिक सुरक्षा नम्बर प्रदान गर्नुपर्छ। यदि तपाईंले आफ्नो ई–मेल ठेगाना र फोन नम्बर प्रदान गर्नुभयो भने, ई–भेरिफाइ ले तपाईंलाई ई–भेरिफाइ मामिला सन्दर्भमा महत्वपूर्ण जानकारी दिन

4. **मैले धारा 2 वा धारा 3 पूरा गर्नुपर्छ?** पर्दैन। धारा 2 र धारा 3 तपाईंको नियोक्ताद्वारा पूरा गरिन्छन्।

5. **फारम I-9 अन्य भाषामा उपलब्ध छ?** हो। फारम I-9 पोर्टो रीकोमा प्रयोगको लागि स्पेनिशमा पनि उपलब्ध छ। पोर्टो रीको बाहिर, स्पेनिस संस्करण नियोक्ताहरूले र कर्मचारीहरुले अंग्रेजी भाषाको फारम पूरा गर्न मद्दत गर्न मात्र प्रयोग गर्न सकिन्छ।

6. **अंग्रेजी जान्ने कसैले मलाई फारम I-9 भर्न मद्दत गर्न सक्छ?** हो। तपाईंले कसैलाई आफ्नो फारम पूरा गर्नको लागि मद्दत गर्न अनुरोध गर्न सक्नुहुन्छ। तपाईँको लागि फारमलाई अनुवाद गरिदिने वा तपाईंको जानकारी लेख्न मद्दत गर्ने साधारण उदाहरण हुन। तपाईंको लागि अनुवाद गरिदिने वा फारम पूरा गर्ने व्यक्तिले फारम I-9मा षतयारी गर्ने र/ वा अनुवादक प्रमाणीकरणष पूरा गर्नुपर्छ। तर, तपाईंले व्यक्तिगत तवरमा धारा 1 हस्ताक्षर गर्नुपर्छ।

7. **कुन कुन कागजातहरू मैले आफ्नो नियोक्तालाई देखाउनु पर्छ?** तपाईंले आफ्नो नियोक्तालाई "स्वीकार्य दस्तावेज सूची" बाट कागजात देखाउन आवश्यक छ। सूची फारम I-9को भाग हो। तपाईंले कुन कुन कागजात वा कागजातहरू सूचीबाट देखाउनु भन्ने निर्णय लिनुहोस्। तपाईंको नियोक्ताले तपाईंलाई एउटा निश्चित कागजात देखाउनु भनेर सोध्न वा आवश्यकता भएको भन्दैन।

8. **मैले मेरो नियोक्तालाई एउटा वा दुईवटा कागजात देखाउनु आवश्यक छ?** यो नियोक्तामा भर पर्छ। केही कर्मचारीहरुले पहिचान र काम प्राधिकरण दुवै प्रमाणित गर्न ''सूची एक'' बाट एउटा कागजात देखाउन चाहन्छन। अन्य कर्मचारीहरुले कागजातहरू संयोजन – एउटा ''सूची बी'' बाट आफ्नो पहिचानको लागि र एउटा ''सूची सी'' बाट काम प्राधिकरणको लागि – देखाउन चाहन्छन्। तपाईंले प्रयोग गर्न सक्ने कागजातहरूको पूरा सूचीको लागि, स्वीकार्य दस्तावेजको सूची हेर्नुहोस्।

9. **मैले धारा 1 र/ वा वर्तमान स्वीकार्य कागजातहरू पूरा गरिन भने के हुन्छ?** तपाईंले फारम I-9 को धारा 1 र/ वा वर्तमान स्वीकार्य कागजात पूरा गर्नु भएन भने तपाईंको नियोक्ताले तपाईंको रोजगार समाप्त गर्न सक्छ।

10. **यदि मैले फारममा झूठो लेखें भने म समस्यामा पर्न सक्छु?** हो। तपाईंले फारम I-9 मा झूठो लेख्नुभयो वा झूठा कागजातहरू लगाउनुभयो भने तपाईंलाई आपराधिक दण्ड हुन सक्छ।

11. **मसंग कुनै प्रश्न भएमा, वा नियोक्ताले मलाई आफ्नो राष्ट्रिय मूल वा नागरिकता स्थितिको आधारमा भेदभाव गर्दैछ भन्ने मलाई लाग्यो भने मैले कसलाई कल गर्न सक्छु?** फारम I-9 बारेमा प्रश्नहरू भएमा, 1–888–464–4218मा अमेरिकी नागरिकता र अध्यागमन सेवामा कल गर्नुहोस्। यदि तपाईं आफ्नो राष्ट्रिय मूल वा नागरिकता वा अध्यागमन स्थितिको आधारमा अन्याय गरिएको छ वा आफ्नो अधिकार बारे प्रश्न छन् भने, आप्रवासन–सम्बन्धित अन्याय रोजगार आचरण लागि विशेष सल्लाहदाताको कार्यालयमा, 1–800–255–7688 (भाषा सहायता उपलब्ध हुनेछ) वा 1–800–237–2515 (टीडीडी)मा कल गर्नुहोस्।

12. **मैले फारम I-9 र एउटा कर्मचारीको रूपमा मेरो अधिकार र जिम्मेवारी बारे कसरी थप सिक्न सक्छु?** कृपया I-9 केन्द्रीय (www.uscis.gov/I-9Central) हेर्नुहोस्। USCIS ले कर्मचारीको अधिकार र जिम्मेवारी बारेमा मासिक वेबिनार्स पनि प्रदान गर्दछ। OSC ले पनि अंग्रेजी र स्पेनिसमा कर्मचारीहरुका लागि निःशुल्क वेबिनार्स प्रदान गर्दछ, र एउटा नियुक्ति OSCको वेबसाइट (www.justice.gov/crt/about/osc)मा उपलब्ध छ।